## पुर्चौडी नगर कार्यपालिकाको ७६ औं बैठक

आज मिति २०८० साल माघ ०७ गते आईतबारका दिन यस पुर्चौडी नगरपालिकाका नगर प्रमुख श्री दीपक बहादुर बम ज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको ७६ औं बैठक तपसिलमा उल्लेखित नगरकार्यपालिकाका सदस्य ज्यूहरुको समुपस्थितिमा तपसिलका प्रस्तावहरु उपर छलफल गरि निम्न बमोजिमका निर्णयहरु पारित गरियो ।

तपशिल

| सि.नं. | नाम थर | प्द | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १. | श्री दीपकबहादुर बम | नगर प्रमुख | पु.न.पा.-१ | ९८५८४२३५०५ | |
| २. | श्रीमति मिनाधानुक | नगर उप-प्रमुख | पु.न.पा.-१ | ९८५८४९०१४४ | |
| ३. | श्री गणेश बहादुर गडाल | वडा अध्यक्ष | पु.न.पा.-१ | ९८६८७७९१५५ | |
| ४. | श्री चंक बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-२ | ९८६४६५४०८६ | |
| ५. | श्री खगेन्द्र बहादुर बोहरा | वडा अध्यक्ष | पु.न.पा.-३ | ९८६८७७४२३१ | |
| ६. | श्री दिलबहादुर धानुक | वडा अध्यक्ष | पु.न.पा.-४ | ९८४८५३३४८३ | |
| ७. | श्री नागी सिंह खडायत | वडा अध्यक्ष | पु.न.पा.-५ | ९८६३०९८४४० | |
| ८. | श्री नरेन्द्र बहादुर साउद | वडा अध्यक्ष | पु.न.पा.-६ | ९८४८९९६५४६ | |
| ९. | श्री धिरेन्द्र बहादुर बम | वडा अध्यक्ष | पु.न.पा.-७ | ९८४८८०१९८१ | — |
| १०. | श्री विर बहादुरबोहरा | वडा अध्यक्ष | पु.न.पा.-८ | ९८४८७८७२१४ | |
| ११. | श्री रम्वा बोहरा | वडा अध्यक्ष | पु.न.पा.-९ | ९८६८५९३८९६ | |
| १२. | श्री हिक्मत बहादुर विष्ट | वडा अध्यक्ष | पु.न.पा.-१० | ९८६८४९४७५३ | — |
| १३. | श्री ऐते लहार | दलित सदस्य | पु.न.पा -३ | ९७४२९१५०१२ | |
| १४ | श्री अस्मिता पार्की | दलित सदस्य | पु.न.पा -५ | ९८६८३०६०६२ | — |
| १५ | श्री वागमति चुनारा (लुहार) | दलित सदस्य | पु.न.पा -४ | ९८६५८८६५७३ | |
| १६ | श्री मानमति चन्द (वम) | महिला सदस्य | पु.न.पा -८ | ९८६८५९२३४६ | |
| १७ | श्री प्रमिला साउद | महिला सदस्य | पु.न.पा -६ | ९७४५५८४३११ | |
| १८ | श्री लक्ष्मी विष्ट | महिला सदस्य | पु.न.पा -१० | ९८६५६४५७२२ | — |
| १९ | श्री धानाकुमारी महरा (ऐर) | महिला सदस्य | पु.न.पा -७ | ९८६५६७९९१४ | |
| २० | श्री थेपडी धामी | महिला सदस्य | पु.न.पा -१ | ९८६९५०५८९२ | — |
| २१. | श्री विनोद कुमार कुंवर | सदस्य सचिव | पु.न.पा | ९८५८७९०२८२ | |
| २२ | गोपाल महरा | का.वा वडाअध्यक्ष | वडा नं १० | ९८६८२२६९९६२ | |
| २३ | गमी सिंह रतोका | का.वा वडाअध्यक्ष | वा.डा.नं ६ | ९८६३०४८४५१ | |

**(क) प्रस्तावहरु:-**

१. स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन(LISA) सम्बन्धमा।
२. क्रसर संचालनका लागि अस्थाई अनुमती सम्बन्धमा।
३. विशेष तथा समपुरक संघिय अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।
४. सडकबोर्डको बजेट कार्यान्वयन सम्बन्धमा।
५. स्वास्थ्य विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
६. महिला बालवालिका शाखाको कार्यक्रम संचालन स्विकृति दिने सम्बन्धमा।
७. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
८. बिजयपुर स्वास्थ्य चौकीको अधुरो भवन निर्माण सम्बन्धमा।
९. नेपाल बैंक लिमिटेडको शाखा स्थापनाको लागि सिफारिस सम्बन्धमा।
१०. जिन्सि हस्तान्तरणसम्बन्धमा।
११. विविध सम्बन्धमा।

(क) **निर्णयहरु:-**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) को स्थानिय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि, २०७७ को दफा ६(३) बमोजिम यस पुर्चौंडी नगरपालिकाको आ.व. २०७९/०८० को अन्तिम नतिजा तपसिल बमोजिम सार्वजनिक गर्ने निर्णय पारीत गरियो।

| क्र स | बिषयगत क्षेत्र | प्राप्त अंकभार(प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | शासकिय प्रवन्ध | ८८.८९ % | |
| २ | संगठन तथा प्रशासन | ८७.५ % | |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ८६.३६ % | |
| ४ | वित्तिय एवम् आर्थिक व्यवस्थापन | १०० % | |
| ५ | सेवा प्रवाह | ९३.७५ % | |
| ६ | न्यायिक कार्य सम्पादन | ८५.७१ % | |
| ७ | भौतिक पूर्वाधार | ९२.३१ % | |
| ८ | समाजिक समावेसिकरण | ८० % | |
| ९ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ६६.६७ % | |
| १० | सहकार्य र समन्वय | ५० % | |
| | जम्मा प्राप्ताङ्क (औषत) | ८५.५ % | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

२. प्रस्ताव नं. २ मा छलफल हुदा सहरि विकास मन्त्रालय बाट यस नगरपालिका अन्तर्गत संचालनमा रहेको नगरपालिका प्रशासकीय भवन देखि कुवाकोट हुदै धौलकाँडा सडक स्तरोन्ती आयोजना संचालनको ठेक्का सम्झौता भई काम गरिरहेको श्री जगदम्बा विल्डर्स प्रा लि बुद्धनगरले सडक स्तरोन्तीका लागि निर्माण सामाग्री उत्पादन गर्न क्रसर संचालनका लागि सघन शहरी तथा भवन निर्माण आयोजना राजपुर डोटीको सिफारिस सहित अनुमति माग भई निवेदन पेश भई आएकाले आयोजनाको अवधि सम्मका लागि मात्र प्रचलित ऐन नियमंहरु संग नबाझिने गरि मापद्ण्ड तोकी अस्थाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ मा छलफल हुदा संघिय सरकार बाट प्राप्त हुने विशेष तथा समपुरक अनुदानका लागि देहाय बमोजिमका आयोजना तथा कार्यक्रमहरु छनोट गरि २०८० माघ मसान्त भित्र प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

(क) विशेष अनुदान तर्फः

१. बाल विवाह न्यूनिकरण तथा २० वर्ष मुनिको गर्भ रोकथाम कार्यक्रम ।
२. कुवाकोट स्वास्थ्य चौकी भवन निर्माण पु. न. पा. ५ ।
३. मालिका मा वि भटना भवन निर्माण पु. न. पा. ४ ।

(ख) समपुरक अनुदान तर्फः

१. रेसी हुदै तल्लादेहि दोगडाकेदार सडक स्तरोन्नती ।
२. रेसी विजयपुर दोगडाकेदार सडक स्तरोन्नती ।
३. साँफे गन्ना सडक निर्माण ।

४. प्रस्ताव नं. ४ मा छलफल हुदा सडक बोर्डबाट प्राप्त बजेट श्रोत कार्यान्वयनका लागि बडगाउ बशन्तपुर दाडिमपाटा हुदै खडिखेत सडक स्तरोन्ती आयोजना छनोट गरि यथासिघ्र कार्यान्वयनका लागि प्रकृया अघि बढाउन पुर्वाधार शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ मा छलफल हुदा चालु आ ब मा संचालन हुने गरि प्राप्त भएको संघिय सरकार विशेष अनुदान तर्फको स्वास्थ्य सेवा सुदृढिकरण क्रमागत र बर्थिंग सेन्टर सुदृढिकरण तथा नवशिशु मृत्यु अनुसन्धान कार्यक्रम संचलनका लागि स्वास्थ्य शाखाबाट पेश भएको कार्यक्रम प्रस्ताव देहाय बमोजिम हुने गरि संचालन गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

**कुल जम्मा स्विकृत वजेट रु.१२५०००००।००**

| क्र.स. | क्रियाकलाप | रकम रु. | क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | बर्थिंगसेन्टर भवन निर्माण तर्फ | | भौतिक पूर्वाधार | |
| १.१ | न्वालासुरक्षित प्रसुती ईकाई | २२५०००० | | |
| १.२ | रौनालीचौडसुरक्षित प्रसुती ईकाई | २२५०००० | | |
| २ | स्वास्थ्यचौकी भवन मर्मत तर्फ | | | |
| २.२ | विजयपुरस्वास्थ्य चौकी अधुरो भवन निर्माण | २०००००० | | |
| २.३ | भटनास्वास्थ्य चौकी छानो मर्मत | ५००००० | | |
| ३ | विभिन्नबर्थिंग सेन्टरहरुको मर्मत सुधार | १३००००० | | |
| ४ | बर्थिंगसेन्टरहरुका लागि आवश्यकसामग्रीखरिद | १०००००० | आपूर्तिब्यबस्थापन | |
| ५ | नवशिशुमृत्यु अनुसन्धान कार्यक्रम | १०००००० | स्वास्थ्यअनुसन्धान | |
| ६ | मातृ तथा नवशिशु स्वास्थ्य सेवाको उपभोग बढाउन सेवाग्राहीलाईप्रोत्साहन कार्यक्रम | २००००० | सेवा उपभोग | |
| ७ | तथ्यांक तथा अनुसन्धान ब्यबस्थापनका लागि ल्यापटप र एसोसरिजखरिद | २००००० | ब्यबस्थापन | |
| ८ | आधारभूत स्वास्थ्य सेवा सुदृढिकरणका लागी टोल-टोलमा स्वास्थ्यकर्मीपरिचालन कार्यक्रम | १२०९६०० | स्वास्थ्यसेवा सुदृढिकरण | |
| ९ | स्वास्थ्य चौकीहरुको न्युनतम सेवा मापदण्डको लागि ब्यबस्थापन | ५९०४०० | न्युनतमसेवा मापदण्ड | |
| कुल जम्मा :१२५०००००/-(एक करोड पच्चिस लाख मात्र) | | | | |

६. प्रस्ताव नं. ६ मा छलफल हुदा चालु आ. ब. मा संचालन हुने गरि महिला तथा बालवालिका तथा जेष्ठनागरिक शाखा तर्फको स्विकृत कार्यक्रम देहाय बमोजिम हुने गरि संचालन गर्न स्विकृति प्रदान गर्ने निर्णय गरियो।

स्विकृतबजेट: रु.१००००००।-(दस लाख मात्र)

| क्र.स. | क्रियाकलाप | रकम रु. | लक्षित समुह | कैफियत |
|---|---|---|---|---|
| १ | अपाङ्गता परिचय पत्र वितरण | १००००० | अपाङ्ग | |
| २ | नारी दिवस कार्यक्रम | १५५००० | महिला | |
| ३ | ज्येष्ठ नागरिकका लागि घरदैलो स्वास्थ्य शिविर कार्यक्रम | २००००० | ज्येष्ठ नागरिक | |
| ४ | बालबालिकाको हाजिरि जवाफ र परम्परागत खेल | १००००० | बालबालिका | |
| ५ | बालबिबाह न्युनिकरणका लागि कोशोरी संजाल गठन तथा अभिमूखिकरण | २७०००० | किशोरी | |
| ६ | वडा स्तरीय महिला संजाल गठन तथा अभिमुखीकरण | १७५००० | महिला | |
| कुल जम्मा :१००००००/-(अक्षेरुपी दस लाख मात्र) | | | | |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

७. प्रस्ताव नं. ७ मा छलफल हुदा नगरपालिका अन्तर्गत विभिन्न सेवा समूहमा कार्यरत करार सेवा तर्फका कर्मचारीहरुको पारिश्रमिकका लागि बजेट अभाव हुन जाने देखिएकाले हाललाई देहाय बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृत लाई कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो।

७.१ नगरकार्यपालिका कार्यालयमा कार्यरत न. पा. श्रोतबाट पारिश्रमिक खाने गरि करार सेवामा रहेका सब ईन्जिनियरहरु तथा असिस्टेन्ट सब ईन्जिनियरहरुको मिति २०८०।१०।०१ देखि करार म्याद थप नगर्ने।

७.२ नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत करार सेवामा कार्यरत स्वास्थ्यकर्मिहरुलाई रिक्त रहेको ठाउ तथा सेवामा बाधा भईरहेको स्वास्थ्य संस्थाहरुमा देहाय बमोजिम ब्यवस्थापन गर्ने।

(क) हाट स्वास्थ्य चौकीमा कार्यरत १ जना ल्याव असिस्टेन्टलाई कोटिला स्वास्थ्य चौकीमा कामकाज खटाउने।

(ख) हाट स्वास्थ्य चौकीमा कार्यरत १ जना अ. न. मि. लाई नाकाली नगर स्वास्थ्य केन्द्रमा कामकाज खटाउने।

(ग) भटना स्वास्थ्य चौकीमा कार्यरत १ जना जना अ. न. मि. लाई भटना नगर स्वास्थ्य केन्द्रमा कामकाज खटाउने

(घ) रौनालीचौड नगर स्वास्थ्य केन्द्र र विजयपुर स्वास्थ्य चौकीका लागि १।१ जना अ. न. मि. पदमा करार सेवाका लागि पदपुर्ति प्रकृया गर्ने।

८. प्रस्ताव नं. ८ मा छलफल हुदा ठेक्का नं PNP/BTD/NCB /05/079/080 अनुसार विजयपुर स्वास्थ्य चौकीको अधुरो भवन निर्माण कार्य सम्पन्न गर्न बजेट उपलब्धताका आधारमा सम्बन्धित निर्माण कम्पनि संगको समन्वयमा नया परिमाण तथा दर निर्धारण गरि निर्माण कार्य गर्न नयाँ कार्यादेश जारी गर्ने।

९. प्रस्ताव नं. ९ मा छलफल हुदा यस पुर्चौडी नगरपालिका अन्तर्गत १ मात्र ग्लोवल आई एम ई बैंकले सेवा दिईरहेकोमा अत्याधिक चापका कारण समाजिक सुरक्षा तथा अन्य भुक्तानीका लागि लाभग्राहिहरुलाई कठिनाई भएको बुझिन आएकाले थप अर्को बैंक शाखा अतिआवश्यक देखिएको हुदा यस क्षेत्रमा पहिला पनि स्थापना भै सेवा दिएको नेपाल बैंक लिमिटेडको शाखा स्थापनाका लागि सम्बन्धित निकायहरुलाई सिफारिस गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० मा छलफल हुदा नगरपालिका अन्तर्गतका विद्यालयहरु मध्ये समायोजन भएको श्री भुवनेश्वरी आ. वि. भवने पु. न. पा. ७ को नगदी जिन्सि तथा चल अचल सम्पत्तिहरु समायोजन मिलान भएको विद्यालय श्री गलिनाथ मा. वि. बडगाउ पु. न. पा. ७ लाई र श्री सन्तोष बाल विकास केन्द्र पु. न. पा. ५ को नगदी जिन्सि तथा चल अचल सम्पत्तिहरु समायोजन मिलान भएको विद्यालय श्री भुमिराज मा. वि. दहताल पु. न. पा. ५ लाई स्वामित्व कायम हुने गरि हस्तान्तरण गर्न सहमति प्रदान गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**११. प्रस्ताव नं. ११ मा छलफल हुदादेहाय बमोजिमका निर्णयहरु गरिए।**

११.१ नगरकार्यपालिकाको नियमित बैठक २०८० फागुन महिना देखि प्रत्येक महिनाको ०९ गते बस्ने।

११.२ नागरिक आरोग्य सेवा केन्द्र पुर्चौंडी हाटमा कार्यरत आयुर्वेद बैघ पदमा कार्यरत श्री जनक बहादुर ऐरलाई निजले सुदुर पश्चिम प्रदेश सरकारको श्रोतबाट मासिक रु १७०००।०० मात्र मासिक पारिश्रमिक खाई पाई आएकोमा यस नगरपालिकाबाट थप प्रोत्साहान स्वरुप मासिक रु ५०००।००उपलब्ध गराउने।

११.३ न्वादेउ स्वास्थ्य चौकीको नाममा रहेको एम्बुलेन्सको सेवा नियमित र प्रभावकारी वनाउन न्वादेउ स्वा. चौ. र यस नगरकार्यपालिका कार्यालय विच सेवा सम्झौता गरि कार्यान्वयन गर्ने।

११.४ श्री महादेव मा. वि. शिवावो पु. न. पा. ४ को नयाँ भवन निर्माणका लागि प्रदेश समपुरक अनुदानका लागि सुदुर पश्चिम प्रदेश सरकारलाई माग गर्ने।

११.५ श्री डिलाशैनी आ.वि. मल्लादेहि पु. न. पा. ८ लाई मा. वि. (कक्षा १० सम्म) संचालन र श्री सत्यवादी मा वि गढीलेक पु.न.पा. १० लाई (कक्षा १२ सम्म) थप कक्षा संचालन अनुमतिका लागि आवश्यक प्रतिवेदन अध्ययन तथा अनुगमनका आधारमा शिक्षा समितिको राय अनुसार आगामी बैठकमा निर्णयार्थ पेश गर्ने।

११.६ चालु आ. ब. २०८०/०८१ देखि निर्माण सुरु हुने मल्लादेहि स्वास्थ्य चौकी भवन निर्माणका लागि आवश्यक पर्ने ५ रोपनी जमीन ८ नं. वडा कार्यालय मल्लादेहिको नाममा रहेको पु. न. पा. वडा नं. ८ रतनपुर स्थित कित्ता नं. ३४५ बाट र कोटिला स्वास्थ्य चौकी भवन निर्माणका लागि आवश्यक पर्ने ५ रोपनी जमीन पु. न. पा. ७ रुईनिचौर भिताडी स्थित सार्वजनिक बाँझो कित्ता नं. ७०६ बाट उपयुक्त हुने स्थानमा भवन निर्माण गर्न जग्गा उपलब्ध गराउन सहमती प्रदान गर्ने।

११.७ हाट-महादेवस्थान सडक(८ कि मि) प्रारम्भिक वाताबरणिय परिक्षण प्रतिवेदन(IEE) का लागि जिम्मेवारी पाएको डि ए एस इन्भारोमेन्टल एण्ड इन्जिनियरिङ्ग रिसर्च सेन्टर काठमाण्डौं महानगरपालिका वार्ड नं १० गौरीघाँटले पेश गरेको प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो।

श्रदेय नगर प्रमुख ज्यू को आदेशानुसार बैठक सम्पन्न गरियो।

२०८० माघ ०७ गते आईतबार शुभम्

नगर प्रमुख